नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर
नयाँ बानेश्वर, काठमाण्डौ ।

नेपाल सरकार
लगानी बोर्डको कार्यालय
२०६८

पत्र संख्याः ०७८।०७९
च. नं.:

मितिः २०७९ असार २७

## प्रेस विज्ञप्ति

### लगानी बोर्ड परियोजना बैंक कार्यविधि सम्बन्धी Validation Workshop सम्पन्न

काठमाडौं— लगानी बोर्डको कार्यालयले लगानीयोग्य, विश्वसनीय, दिगो एवं राष्ट्रिय प्राथमिकता अनुरूपका सार्वजनिक—निजी साझेदारीका परियोजना पूर्वतयारीसहित परियोजना बैंकमा सूचीकृत गर्नका लागि कार्यविधि तयार गरी विभिन्न सरोकारवालाबाट सुझाव तथा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आज Validation Workshop on IBN Project Bank को आयोजना गऱ्यो । कार्यशाला गोष्ठीमा विभिन्न मन्त्रालय, दातृ निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संस्था एवं बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यविधिले परियोजना बैंक स्थापनामा परियोजना पहिचान, छनौट तथा श्रेणीकरण, मूल्यांकन तथा प्राथमिकीकरणका चरणहरू समावेश गरेको छ । कार्यविधिले परियोजनाको पहिचान, छनौट र प्राथमिकीकरण मूलतः पारदर्शी ढंगले राष्ट्रिय प्राथमिकताका आधारमा हुने व्यवस्था गरेको छ ।

“परियोजना बैंकबाट हामीले सार्वजनिक—निजी साझेदारीका परियोजनाहरू विकासमा एउटा मापदण्ड स्थापित गर्नेछौं । जसले प्रमाणिक आधारमा निर्णय प्रक्रिया अघि बढाउन र जोखिमहरू कम गर्न मद्दत गर्नेछ,” बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले भन्नुभयो, “परियोजना बैंकले प्राथमिकताका परियोजनालाई व्यवसायिक रूपमा सम्भाव्य बनाउन सहुलियत ऋण, मिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) तथा अन्य प्रोत्साहनका लागि सरकार एवं दातृ निकाय र विकास वित्त उपलब्ध गराउने संस्थाहरूसँग छलफल अघि बढाउन सकिन्छ ।” प्रमुख कार्यकारी अधिकृत श्री भट्टले परियोजना विकास बहुविधागत कार्य भएकाले परियोजना पूर्वतयारीमा ठूलो गृहकार्य आवश्यक पर्ने बताउँदै परियोजनाको राम्रो तयारीले परियोजनाको जीवनमा आउन सक्ने जोखिम कम गर्न सकिने धारणा राख्नुभयो ।

स्पष्ट र पारदर्शी मानकका आधारमा परियोजनाहरूको छनौट, श्रेणीकरण र प्राथमिकीकरण गरी परियोजना बैंकमा समावेश गरिनेछ । परियोजनाको प्राविधिक, वित्तीय, सामाजिक तथा वातावरणीय दिगोपना लगायतलाई छनौट का आधार मानिएको छ । त्यस्तै, परियोजना पूर्वतयारीका आधारभूत पक्षहरू जग्गा अधिग्रहण वा राइट अफ वे क्लीयरेन्स, वित्तीय जोखिम, डिजाइन तथा निर्माण जोखिम, सञ्चालन एवं मर्मतसम्भार जोखिम र बजार तथा मागको जोखिमका आधारमा परियोजनाको मूल्यांकन र प्राथमिकीकरण गरिनेछ ।

कार्यविधिको Validation Workshop मा बोर्डका सहसचिव अमृत लम्सालले स्वागत मन्तव्य राख्नुभएको थियो भने लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्ट, फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिसका सस्टेनेबल ग्रोथ टिम प्रमुख श्री रिचर्ड क्रेग, विश्व बैंकका प्राइभेट सेक्टर एड्भाइजर श्री पिटर मोज्ली लगायतले सम्बोधन गर्नुभएको थियो ।

..............
(अमृत लम्साल)
सहसचिव